**तथ्याङ्कमा गैरआवासीय नेपाली संघको बाढीपीडित राहत बिरतण -२०७४**

साउन अन्तिम साता नेपालको तराई क्षेत्रमा गएको बाढी र डुवानका कारण पीडित परिवारलाई गैरआवासीय नेपाली संघले सप्तरीका बिभिन्न नगरपालिका तथा गाउँपालिकामा अगष्ट २१ देखि २६ तारिखसम्म राहत बितरण गरेको यहाँहरुलाई जानकारी नै छ । नेपाल सरकारको आग्रहमा सवैभन्दा धेरै प्रभावित सप्तरी जिल्लामा हामीले राहत बितरण गरेका थियौं ।

गैरआवासीय नेपाली स्वयंसेवक साथीहरुको सक्रिय सहभागीतामा हामीले राहत बितरण प्रकृया सम्पन्न गरेका छौं । राहतसँगै हामीले स्वास्थ्य शिविर पनि सञ्चालन गरेका थियौं, जसबाट करिव एक हजार पाँच सय बिरामी लाभान्वित भएका थिए ।

गैरआवासीय नेपाली संघले कहाँकहाँ, कति समाग्री बितरण गऱ्यो, राहत कोष स्थापनादेखि बितरणसम्मका प्रकृया कसरी सम्पन्न भए? भन्ने विस्तृत बिबरण यसैसाथ संलग्न इन्फोग्राफिक्सहरुमा उल्लेख गरिएको छ ।

**कहाँ बाँडियो ?**

सप्तरीको बोदेबर्साइन, तिलाठी, कोमध्यपुरा, तिरहुत र कोबर्साइन

**लाभान्वित परिवार**

४ हजार पाँच सय परिवार, करिव २० हजार ब्यक्ति

**केके बाँडियो ?**

१ लाख किलो चामल (हरेक परिवारलाई २५ केजीको एक बोरा)

१२ हजार किलो दाल

२ हजार थान त्रिपाल(अस्थायी आवासका लागि)

४ हजार किलो नुन

४ हजार लिटर तेल

४ हजार पाँच सय झुल

४ हजार थान पानी प्रषोधन गर्ने बोटल

**राहत बितरण आयोजक टीम**

नेतृत्व- शेष घले- अध्यक्ष, गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्

संयोजक- श्याम तामाङ - एनसीसी पूर्व अध्यक्ष, एनआरएनए बहराइन

फिल्ड संयोजक- धर्मराज गिरी, क्षेत्रीय उप-संयोजक- एनआरएनए मध्यपूर्व

खरिद तथा व्यवस्थापन- सुरेश चित्रकार, एमआईटी ग्रुप, नेपाल

मिडिया- राजेन्द्र भट्ट, एनआरएन युके

फोटोग्राफर- श्रीधर पौडेल
सम्बाददाता- नविन गुरुङ

प्रोग्राम डिजाइनर- जमुना गुरुङ, आईसीसी सदस्य, अष्ट्रेलिया

स्थास्थ्य शिविर संयोजक- भोमा लिम्बू, आईसीसी सदस्य, अष्ट्रेलिया

**स्वयंसेवकहरु-**

शेष घले, श्याम तामाङ, त्रिलोक गुरुङ, एसी शेर्पा, भूमा लिम्बू, रोशनी थापा, सुरेश चित्रकार, जमुना गुरुङ, धर्मराज गिरी, कुमार पन्त, अभिमन्यू बस्नेत, सपिला राजभण्डारी, बद्री केसी, सोनाम लामा, राजेन्द्र भट्ट, मिङमार तामाङ, कृष्ण, जयप्रकाश गुरुङ, नवराज गुरुङ र डिल्ली ज्ञवाली ।

आपतकालिन राहत कोषमा रकम संकलन गर्ने तथा राहत बितरण कार्यमा स्वयंसेवकका रुपमा सहभागी हुने सवै गैरआवासीय नेपाली, बिभिन्न देशका राष्ट्रिय समन्वय परिषद्हरु तथा यो अभियानमा सहभागी हुने अन्य संघसंस्थाहरुलाई संघका अध्यक्ष घलेले हार्दिक आभार प्रकट गर्नुभएको छ । साथै उहाँले नेपाल सरकार, स्थानीय प्रशासन र स्थानीय स्वयंसेवीहरुलाई पनि राहत बितरणलाई सहज बनाउन सहयोग गरेकोमा हार्दिक धन्यबाद दिनुभएको छ ।

-गैरआवासीय नेपाली संघको सचिवालय

काठमाण्डौ ।